# बागमती नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

कर्मैया, सर्लाही
मधेश प्रदेश, नेपाल
(२०७३)

## ताजा आंप फल विकी वितरण गर्ने सम्बन्धी सिलबन्दि दरभाउ पत्र आव्हानको सूचना ।

प्रथम पटक सूचना प्रकाशन मिति : २०८१।०२।०३
०१।२०८०।८१।आंप बिकी सुचना

वागमती नगरपालिका वडा नं. ३ मा अवस्थित नगर बगैंचामा फलेका ताजा आंपहरु रुखहरुवाट नै वढावढमा ठेक्का मार्फत विकी गर्नु पर्ने भएकोले इच्छुक व्यक्ति , फर्म वा कम्पनीले तपसिल बमोजिम सिलवन्दि दरभाउ पत्र पेश गर्न सम्वन्धित सवैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

तपसिल

| सि.नं | ठेक्का नं. | ठेक्का नाम | बढावढ गर्नुपर्ने न्युनतम अंक रकम रु. | सिलवन्दि दरभाउ पत्र दस्तुर रकम रु. | सिल वन्दी दरभाउ पत्र जमानत रकम रु. |
|---|---|---|---|---|---|
| १ | ०१।२०८०।८१।आंप बिकी सुचना | नगर वगैचा वडा नं. ३ को ताजा फल आंप विकी | ३५००००।००( तीन लाख पचास हाजार मात्र) | १०००।०० (एक हजार) | १०५००।००(दश हजार पांच सय) |

१. प्रथम पटक सिलवन्दी दरभाउपत्र सूचना प्रकाशन मिति : २०८१।०२।०३
२. सिलवन्दी दरभाउ पत्र खरिद गर्नुपर्ने अन्तिम मिति र समय : २०८१।०२।१३ कार्यालय समय भित्र
३. सिलबन्दि दरभाउपत्र बुझाउनु पर्ने अन्तिम मिति र समय : २०८१।०२।१४ दिनको १२:०० बजे सम्म
४.सिलवन्दी दरभाउपत्र खोलिने मिति र समय : २०८१।०२।१४ दिनको १:०० बजे
५.सिलबन्दी दरभाउ पत्र पाइने र बुझाउनु पर्ने स्थान : वागमती नगरपालिका, नगरकार्यपालिकाको कार्यालय, कर्मैया , सर्लाही
६. सिलवन्दि दरभाउं पत्र वापतको जमानत रकम रु.१०५००।०० नेपाल राष्ट वैंकबाट इजाजत प्राप्त बैंकको कम्तीमा ९० दिनको अवधि भएको बैंक जमानत वा सिलवन्दि दरभाउं पत्र साथ नगद वा वागमती नगरपालिकाको , एन आइ सि एशिया वैंकमा रहेको धरौटी खाता नं **45CA052639552404** मा जम्मा गरेको भौचर सिलवन्दि दरभाउपत्र साथ पेश गर्नु पर्ने छ ।
७. सारभुत रुपमा प्रभावग्राही सवैभन्दा बढी कवोल गर्ने सिलवन्दि दराभाउपत्र दातालाई सम्झौताको लागि छनौट गरिने छ ।
८. सिलवन्दि दरभाउपत्र थप निम्न कागजात पेश गर्नु पर्ने छ :
क) व्यक्तिको हकमा प्यानमा दर्ता भएको र नेपाली नगरिकताको प्रमाण पत्र
ख) फर्म वा कम्पनीको हकमा संस्था दर्ता प्रमाणपत्र तथा आ.व.२०७९।८० को कर चुक्ता प्रमाण पत्र
९ सम्झौताका मुलभुत्त शर्तहरु देहाय बमोजिम रहने छन् :
क) सम्झौता भएको अवधि देखि आंप फलको सुरक्षा सिलवन्दी वोलपत्र दाता आफैले गर्नु पर्ने छ ।
ख) आंपको हांगा विंगा काट्ने र आंपको रुखमा कुनै किसिमको क्षती पुर्याउन पाइने छैन् । आंपको उत्पादन क्षमतामा दिर्घकालिन असर पार्ने, वोट विरुवा नष्ट हुने वा प्राकृतिक अवयवमा असर पर्ने गरि औषधि वा विषाधि प्रयोग गर्न पाइने छैन । यदि यसो गरेको पाइएमा क्षतीको मूल्यांकन गरि क्षतीको ३ गुणा जरिवाना गरि प्रचलित कानून बमोजिम कर्वाही पनि गरिने छ ।
ग) प्रचलित कानून बमोजिम लाग्ने कर सिलबन्दि वोलपत्र दाता पक्षले बुझाउने छ ।
घ) सिलबन्दि दरभाउपत्र दाताले सम्झौता गर्दाको समयमा नगरपालिकामा सम्पुर्ण रकम वुझाउने छ वा कवोल अंकको २५ प्रतिशत रकम बुझाई वांकी रकमको बैंक जमानत पेश गर्न सक्ने छ ।
ङ) अध्ययन अनुसन्धान प्रयोजनको लागि सिलवन्दि दरभाउपत्र दाताले विभिन्न प्रजातीका आंपहरु १००( एक सय ) के.जी. आंप नगरपालिकामा बुझाउनु पर्ने छ र अध्ययन अनुसन्धानको लागि नगरपालिकाले चिन्ह लगाएको आंपको वृक्ष सिलवन्दि दरभाउपत्र दाताले उपयोग गर्न पाउने छैन् ।
च) नगरपालिकाले तोकेको आंप बाहेक अन्य आंपहरु २०८१ असार १५ गते भित्र टिपी सक्नु पर्ने छ । नगरपालिकालाई बुझाउन पर्ने सम्झौता बमोजिमको सम्पूर्ण राजश्व २०८१ असार १५ गते भित्र बुझाई सक्नु पर्ने छ ।
छ) कुनै कारणले बजार मूल्य घटेमा वा प्राकृतिक प्रकोपको कारण वा कुनै कारणबस सिलबन्दि दरभाउपत्र दाता पक्ष घाटामा जाने भएमा नगरपालिकाले कुनै छुट वा क्षतीपुर्ति दिने छैन ।
१०) अन्य विस्तृत विवरण सिलवन्दि दरभाउ पत्र साथ उपलब्ध हुने छ ।

हरिलाल पुरी
प्रमुख प्रशासकीय अधिकृत